# गुलरिया नगरकार्यपालिकाको बैठकका निर्णयहरु

## बैठक नं. ६९, २०७९-२०८४

मिति २०८३।०२।०७ गते

**निर्णय नं. १**

गुलरिया नगरपालिकाको ६८औं कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**

सामाजिक विकास मन्त्रालय लुम्बिनी प्रदेश राप्ती उपत्यका देउखुरी नेपालको मिति २०८३।०१।२५ गतेको आशयपत्र आह्वान सम्बन्धी सूचना अनुसार गुलरिया नगरपालिकामा अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम संचालनका लागि लाग्ने २५% लागत साझेदारी बजेटको प्रतिवद्धता संगै कार्यक्रम सञ्चालन गर्नका लागि सामाजिक विकास मन्त्रालयमा आशयपत्र पेश गर्ने साथै कार्यक्रम सञ्चालनका लागि आवश्यक तपसिल बमोजिमका व्यक्तिहरुलाई सहजकर्ताको जिम्मेवारी दिने ।

तपसिल

| | |
|---|---|
| क) आकृति गौतम | सामाजिक परिचालक (वडा नं. १) |
| ख) फुलमाया चौधरी | सामाजिक परिचालक (वडा नं. १२) |
| ग) गंगा परियार | ना.प्र.स चौथो (कृषि विकास शाखा) |

**निर्णय नं. ३**

नेपाल सरकारद्वारा जारी भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को दफा ५ को उपदफा ३ बमोजिम यस गुलरिया नगरपालिका बर्दियाको संगठन तथा व्यवस्थापन सर्वेक्षण मापदण्ड कार्य प्रक्रिया अगाढी बढाउन पुर्वस्वीकृति दिने ।

**निर्णय नं. ४**

केही दिन यता बढीरहेको अत्याधिक गर्मीका कारण विद्यार्थीहरुको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको तथा पठनपाठनमा असहज भइरेहेको भन्ने गुनासो आएकोले यस नगरपालिका अन्तर्गतका विद्यालयहरुमा मिति २०८३।०२।११ गतेबाट बिहान ६:०० बजेदेखि पठन पाठन सूचारु गर्ने व्यवस्था मिलाई विद्यालय सञ्चालन गर्नहुन सम्पूर्ण विद्यालयहरुलाई जानकारी गराउने ।

**निर्णय नं. ५**

यस पालिकाको विभिन्न वडामा झुल, विद्युत पोल र ह्युमपाईप खरीदका लागि यस अघि दररेट माग गरि न्यूनतम दररेट पेश गर्ने फर्मले उक्त दरमा उपलब्ध गराउन नसक्ने भनि पत्र यस कार्यालयमा पेश गरेकोले पुनः उक्त फर्मबाट चालु आ.व. मा खरिद सम्बन्धी कार्य नगर्ने र अन्य फर्महरुबाट दररेट माग गरि न्यूनतम दररेट गर्ने फर्मबाट खरिद गर्ने गरि प्रक्रिया अगाढी बढाउने ।